पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७७/७८
चलानी नं. १०६३

मितिः२०७७/०७/२३

विषयः निर्णय पठाइएको सम्बन्धमा ।

**श्री इलाका प्रशासन कार्यालय,** हुवास, पर्वत ।
**श्री इलाका प्रहरी कार्यालय,** हुवास, पर्वत ।
**श्री वडा कार्यालयहरू (सबै),** पैयूँ गाउँपालिका, पर्वत ।
**श्री बैंक तथा वित्तीय संस्थाहरू (सबै),** पैयूँ गाउँपालिका, पर्वत ।
**श्री उद्योग वाणिज्य संघ,** पैयूँ शाखा, पर्वत ।

यस कार्यालयबाट मिति २०७७|०७|२३ मा जारी भएको विज्ञप्तिको प्रतिलिपी यसैसाथ संलग्न छ । बेहोरा अवगत गर्नुभई आवश्यक सहयोग तथा समन्वय हुनको लागि अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७७/७८
चलानी नं.

## विज्ञप्ति

यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न व्यक्तिहरूको स्वाब संकलन गरी कोभिड १९ को परीक्षणको लागि नमूना पठाइएकोमा मिति २०७७/०७/२२ गते पोखरा स्वास्थ्य विज्ञान प्रयोगशालामा परीक्षण हुँदा गाउँपालिका अन्तर्गत वित्तीय संस्थाहरूमा कार्यरत दुई जना पुरुषहरूमा कोभिड १९ पुष्टि भई हाल निजहरूलाई यसै गाउँपालिकाको कोरोना अस्थाई अस्पतालमा आइसोलेशनमा राखिएको छ । कोभिड १९ समुदाय स्तरमा फैलिन लागेको विद्यमान अवस्थामा सोको रोकथाम तथा न्यूनीकरणका लागि आवश्यक निर्णय गर्न आज स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी कोभिड १९ पुष्टी भएका विरामीहरूको सम्पर्कमा आएका अन्य व्यक्तिहरूको तत्कालै कन्ट्याक ट्रेसिङ गरी तिनीहरूको स्वाव प्रयोगशाला परीक्षणको लागि पोखरा पठाउने समेत देहाय बमोजिमका निर्णयहरू भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

तपसिल

१. यस गाउँपालिका भित्र रहेका सबै वित्तीय संस्थाहरू अर्को सूचना जारी नभए सम्मका लागि आजैका मितिदेखि लागू हुनेगरी बन्द गर्ने ।
२. यस गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका सबै वडा कार्यालयहरूबाट प्रदान गरिने अत्यावश्यक बाहेका सबै सेवाहरू आजैका मितिदेखि लागू हुनेगरी अर्को सूचना जारी नभएसम्मका लागि बन्द गर्ने ।
३. यस वर्षको तिहार पर्वको अवसरमा हुने सबै प्रकारका देउसी भैलो कार्यक्रमहरूलाई यस गाउँपालिका क्षेत्रमा रोक लगाउने तथा यस निर्णयलाई कार्यान्वयन गर्नको लागि आवश्यक सहयोग गर्न इलाका प्रशासन कार्यालय, हुवास र इलाका प्रहरी कार्यालय, हुवासलाई लेखी पठाउने ।
४. यस गाउँपालिका वडा नं. ४ स्थित हातेमालो चोकमा मास्क नलगाई हिडडुल गर्ने व्यक्तिहरूलाई मास्क लगाउनको लागि अनुरोध गरी मास्क समेतको व्यवस्थापन गर्नको लागि उद्योग वाणिज्य संघ, पैयूँ शाखालाई अनुरोध गर्ने र सो कार्यका लागि आवश्यक सहयोग गर्न इलाका प्रहरी कार्यालय, हुवासलाई समेत अनुरोध गर्ने ।
५. उल्लिखित निर्णयहरूहरू कार्यान्वयन गर्नको लागि सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरूलाई अनुरोध गर्ने ।

२०७७/०७/२३ गते, विहान ९ बजे

(खगेन्द्रप्रसाद तिवारी)
अध्यक्ष